"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

# नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, टेकू ।

## प्रेस विज्ञप्ति

मिति: २०८०/०५/१४

१. इण्डियन आयल कर्पोरेशनबाट आज ३१ अगष्ट, २०२३ (भाद्र १४, २०८०) मा प्राप्त नयाँ खरिद मूल्य अनुसार पेट्रोल र डिजेलमा क्रमशः प्रति लिटर रू. ३।१७ र रू. २।४८ तथा एल. पि. ग्यासको मूल्यमा प्रति सिलिण्डर रू. १८६।४५ ले वृद्धि भई आएकोले मिति २०८०।०५।१४ को निर्णय अनुसार निगमले "पेट्रोलियम पदार्थ तथा ग्यासको स्वचालित मूल्य प्रणाली कार्यविधि, २०८०" तथा परिवर्तित मूल्यमा मूल्य अभिवृद्धि कर सहित समायोजन गरी कायम हुने बिक्री मूल्यका आधारमा भोलि १ सेप्टेम्बर, २०२३ (२०८०/०५/१५) बिहान ००:०१ बजेदेखि लागू हुने गरी साविकको खुद्रा बिक्री मूल्यमा पेट्रोल तथा डिजेल/मट्टितेलमा क्रमशः प्रति लिटर रू. ४।०० र रू. ३।०० तथा खाना पकाउने एल. पि. ग्यासमा साविकको खुद्रा बिक्री मूल्यमा प्रति सिलिण्डर रू. २३५।०० ले वृद्धि गरिएको छ।

२. समायोजन पश्चात् पेट्रोलियम पदार्थको हकमा निगमको डिपो/कार्यालयदेखि १५ किलोमिटर तथा एल. पि. ग्यासको हकमा ५० किलोमिटरसम्मका लागि देहाय बमोजिम नयाँ खुद्रा बिक्री मूल्य कायम भएको छ।

| क्र. सं. | पेट्रोलियम पदार्थ | साविकको खुद्रा बिक्री मूल्य रु. (प्रति लिटर/सिलिण्डर) | | | मिति २०८०।०५।१५ को बिहान ००:०१ बजेदेखि कायम हुने नयाँ खुद्रा बिक्री मूल्य मू. अ. कर सहित रु.(प्रति लिटर/सिलिण्डर) | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग |
| १. | पेट्रोल | १७५।५० | १७७।०० | १७८।०० | १७९।५० | १८१।०० | १८२।०० |
| २. | डिजेल/मट्टितेल | १६४।५० | १६६।०० | १६७।०० | १६७।५० | १६९।०० | १७०।०० |
| ३. | एल. पि. ग्यास | १,६६०।०० | | | १,८९५।०० | | |

नोट: पहिलो वर्ग अन्तर्गत: चारआली, विराटनगर, जनकपुर, अमलेखगंज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगंज ।
दोस्रो वर्ग अन्तर्गत: सुर्खेत र दाङ्ग ।
तेस्रो वर्ग अन्तर्गत: काठमाडौं, पोखरा र दिपायल ।

३. निगमलाई नेपाल सरकारद्वारा उपलब्ध गराईएको ऋण, मूल्य स्थिरीकरण कोष तथा अन्य दायित्वहरुको व्यवस्थापन गर्नुपर्ने अवस्था यथावत नै रहेको छ ।

धन्यवाद् ।

२०८०।०५।१४

प्रवक्ता